# प्रेस विज्ञप्ति

मिति २०७४।१।१८

आज मिति २०७५।१।१८ तदनुसार मे १, २०१८ का दिन चीनको गोन्जाओमा शुरु भएको विश्वकै सबैभन्दा ठूलो China Import and Export Fair(Canton Fair) को १२३ औ श्रृंखलामा नेपाल  सहभागि भएको छ । यस मेलामा नेपाली उद्योगी/व्यवसायीहरुको सहभागिताबाट चीन लगायत अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तुलाई प्रवर्द्धन गर्न उल्लेखनीय सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

करिब १०० भन्दा बढी देशको प्रतिनिधित्व हुने यस विशाल मेलामा नेपालको अलावा चीन, दक्षिण कोरिया, थाइल्याण्ड, मलेशिया, जर्मनी, संयुक्त राज्य अमेरिका, फ्रान्स, टर्की, भारत लगायतका मुलुकहरुको उल्लेख्य सहभागिता रहेको छ। करिब ११ लाख वर्गमिटर क्षेत्रफलमा फैलिएको विश्वकै ठूलो यस प्रदर्शनीस्थलमा आयोजक चीन बाहेकका राष्ट्रहरुलाई International Pavilion मा राखिएको छ । यस मेलामा करिब २ लाख buyer हरुले अवलोकन  गर्ने मेला आयोजकको भनाई रहेको छ। नेपालले मेलामा पश्मिनाजन्य वस्तुहरु, जडिबुटिका सुगन्धित तेल, सिंगिङ बाउल, चांदीका गरगहना, हस्तकलाका सामानहरु, नेपाली हातेकागजबाट बनेका सामानहरु तथा नेपाली अचारको प्रतिनिधित्व गर्ने नेपाली उद्योग/फर्महरुलाई सहभागि गराईएको छ। मेलामा नेपालका कटन क्राफ्ट, पाटन ज्वेलरी एण्ड इन्टरप्राइजेज, हारती उलन निटवेयर्स प्रा.लि., हिमालयन वायो ट्रेड प्रा.लि., नेपाली मन उद्योग, नेपाल हर्ब्स एण्ड हर्बल प्रोडक्ट्स एशोसिएसन र महिला उद्यमी महासंघका सातवटा स्टल रहेका छन्। मेलामा नेपालको सहभागिताबाट नेपालको मौलिक उत्पादनलाई अन्तर्राष्ट्रिय जगतमा पहिचान दिलांउदै निकासीमा अभिवृद्धि गर्ने उद्धेश्य राखिएको छ । नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाली महावाणिज्य दुतावास गोन्जाओ चिनको सहयोग एवं व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको संयोजनकारी भूमिकामा नेपाली उद्योगी/व्यवसायीहरुलाई मेलामा सहभागि गराईएको हो ।

उक्त मेलामा नेपाली उद्योगी/व्यापारीहरुको स्टलको समुद्घाटन नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री तोयनारायण ज्ञवाली र नेपाली महावाणिज्य दुतावास गोन्जाओका महावाणिज्यदूत श्री रबि भट्टराईज्यूले संयुक्त रुपमा रिबन काटेर गर्नुभएको थियो । मेलामा नेपाली उद्योगी/व्यापारीहरुको व्यवस्थापन तथा सहजिकरण गर्ने कार्यमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव श्री प्रेमप्रसाद आचार्य र व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका उपनिर्देशक श्री सिद्धिचरण दाहाल समेत खटिनु भएको छ । मेलाको उदघाटनको अवसरमा गोन्जाओ स्थित स्थानीय नेपाली उद्योगी/ब्यवसायीको समेत

उल्लेख्य उपस्थिति रहेको र उद्घाटन पश्चात नेपाली वस्तुलाई अन्तराष्ट्रिय बजारमा प्रवर्द्धन गर्नका लागि लिनुपर्ने रणनीतिका बारेमा समेत छलफल भएको थियो ।

मे ५ अर्थात वैशाख २२ गतेसम्म संचालन हुने उक्त मेलामा प्रदर्शनमा राखिएका नेपाली बस्तुहरुको उल्लेख्य रुपमा माग हुने र उक्त मागलाई पूर्ति गर्न उद्योगी/व्यवसायीहरु सक्षम भएमा नेपालको व्यापार घाटा कम गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ । विशाल जनसंख्या भएको मुलुक चीनको माग र आवश्यकता बमोजिम नेपाली वस्तु निर्माण गरी निर्यात गर्न सकेमा मुलुकको निर्यात व्यापारले फड्को मार्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ । यसका लागि निर्यात संभावनायुक्त वस्तु तथा सेवाहरुको न्यूनतम लागतमा उच्च गुणस्तर सहित अधिक उत्पादन गर्ने रणनीति अख्तियार गर्दै जानुपर्ने र यस्ता मेलाहरुमा नेपाली व्यापारीहरुलाई बढीभन्दा बढी सहभागिता गराउनुपर्ने आवश्यकता समेत रहेको छ ।




COTTAGE CRAFT
11.2M13
INTERNATIONAL
PAVILION


COTTAGE CRAFT
11.2M13
COTTAGE CRAFT
PAVILION